# एकीकृत कार्यक्रमको अनुगमन प्रतिवेदन

भिरकोट नगरपालिका अन्तरगर्तका स्वास्थ्य संस्थाहरुमा स्थल गत
अनुगमन गरेर तयार गरिएको

**भ्रमण प्रतिवेदन**

**प्रतिवेदन पेश गरिएको निकाय**

प्रदेश जनस्वास्थ्य कार्यालय
पुतलीबजार, स्याङ्जा

## अनुगमनगरिएकास्वास्थ्यसंस्थाः

- भिरकोट नगर अस्पताल
- खिलुङ स्वास्थ्य चौकी
- ढापुक स्वास्थ्य चौकी
- बयरघारी आधारभुत स्वास्थ्य सेवा केन्द्र
- भिरकोट दहथुम स्वास्थ्य चौकी

अनुगमनगरिएकोमितिः २०८२/०४/२०देखि२०८२/०४/२३

## अनुगमनको उद्देश्यहरु :

- e-HMIS, DHIS२, eTB, माdataerrorसच्याउनेतथास्थलगतअनुशिक्षण गर्ने
- प्रदान गरेका सेवाहरुमा आईपरेका समस्याको पहिचान गरीसमाधानकोउपायकोसहजीकरणगर्ने ।
- अनुगमनको क्रममा देखिएका विविध पक्षहरूको अवस्थाबारेमा स्थानीयतहका प्रमुख,उप-प्रमुख,प्र.प्र.अ. र स्वास्थ्य शाखा प्रमुख समक्ष जानकारीगराउने।

सस्थागतपरिचयः

भिरकोट नगरअस्पताल

कोंलिका सामुदायिक अस्पतालको नामले संचालित यो अस्पताल नगरपालिकाको स्वामित्वमा आए संगै भिरकोटनगरअस्पतालमा परिणत भएको हो | भिरकोट नगरपालिका वडा नम्वर १ मा अवस्थित यो अस्पताल पालिका सदरमुकामबाट करिव २ किलोमिटर उत्तरमा अवस्थित छ | भिरकोट नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुको पहिलो प्रेषण केन्द्रको रुपमा समेत यो अस्पताल रहेको छ |अस्पताल संचालनको उद्देश्यले नै भवन निर्माण गरिएको हुदा यो अस्पतालमा प्रयाप्त मात्रामा भौतिक पूर्वाधारको रहेपनि सेवा संचालनको दृष्टिले अपेक्षित गति लिन सकेको छैन |त्यस्तै अस्पतालमा सोलार व्याकअपको राम्रो प्रवन्ध भएको पाइन्छ | अस्पतालमा एम्वुलेन्स सेवा पनि उपलव्ध रहेको छ | यो अस्पताल भिरकोट नगरपालिकाको भौगोलिक सिमानामा अवस्थित रहेतापनि यहा उपचारको लागि आउने सेवा ग्राहीहरूमध्ये अधिकांश सेवा ग्राही अर्जुनचौपारी गाउँपालिकावाट र केहि सेवाग्राही पुतलीवजार नगरपालिकावाट समेत उपचारको लागि आउने गर्छन | तसर्थ अर्जुनचौपारी गाउपालिकाको आफ्नै अस्पताल नभएको अवस्थामा दुवैपालिकाको पायक पर्ने स्थानमा य अस्पताल

रहेकाले दुवै पालिकाको समंन्वय र सहलगानीमा अस्पताल संचालन हुन सके यस अस्पताललाइ एउटा नमुना अस्पतालको रूपमा संचालन गर्न सकिने सम्भावना रहेको छ|

सेवा/ सुविधाहरु:

- हाल यो अस्पतालमा १५ शैयाको क्षमता रहेको छ र दैनिक १०० भन्दा वढी बिरामीको उपचार भइरहेको छ ।
- आधारभूतस्वास्थ्यसेवाजस्तै,पोषण सेवा,शिशुतथामातृ, क्षयरोग उपचार आदिसेवा
- २४-घण्टा आकस्मिक सेवा, पेट, छाती, मुटु, स्त्री रोग, बाल रोग, छाला, नशा रोग, हाडजोर्नी, , डेन्टल सेवा, ल्याब सुविधा, एक्सरे, भिडियो-एक्सरे, अक्सिजन, फार्मेसी, बीमा सेवा, एम्बुलेन्स र रिफर सुविधा उपलब्ध छन् ।
- **स्वास्थ्यजनशक्ति**हाल यो अस्पतालमा २७ जना कर्मचारीहरू कार्यरत रहेका छन जसमा स्थाइ ३ जना पालिकाबाट करार नियुक्त १४ जना र अस्पतालको आन्तरिक स्रोतवा५ १० जना कार्यरत रहेका छन ।
- स्वास्थ्यजन्यफोहोरव्यवस्थापनमासमस्यारहेको, खुल्लाक्षेत्रमाजलाउनेहुदावरिपरीप्रदुषितहुने ।

<u>ब्यबस्थापकीय पक्षः</u> सेवाहरुको अभिलेख ब्यबस्थापन सन्तोषजनक रहेको छ| स्याङ्जा जिल्ला भरि सबै संस्थामा रिपोर्टिङ रेकर्डिङ डिजिटल माध्यममा भई रहेता पनि भिरकोट नगर अस्पतालमा अहिले पनि रजिस्टर मा नै अभिलेखीकरण भै रहेको छ| विधुतिय रूपमा नै सेवाहरूको अभिलेख राख्ने उद्देश्यले अस्पतालले भौतिक पूर्वाधारहरूको विकास गरि सकेको भएता पनि सफ्टवेयर जडानको काम बाकी नै रहेकाले हालसम्म पनि EMR लागु हुन सकेको छैन तर निकट भविश्यमा नै EMR लागु गर्ने कुरा कर्मचारीहरूबाट जानकारीमा आएको । अस्पताल व्यवस्थापन समितिको वैठक नियमित रूपमा वस्ने गरेको देखियो|

उपलब्ध सेवाहरुको अवस्थाः

सुरक्षित मातृत्व : सुरक्षित मातृत्व सेवा संचालनमा रहेको भएता पनि सेवाको उपभोग संतोषजनक देखिएन | गत आ.व. मा अस्पतालबाट ३ जनाले मात्र सुरक्षित सुत्केरी सेवा लिएको देखिन्छ जुन एउटा अस्पतालले प्रदान गर्ने सेवाको हकमा तुलनात्मक रूपमा निकै कम हो | त्यस्तै प्रोटोकल अनुसार ४ पटक गर्भ जाच गराउने २७ जना र ८ पटक प्रोटोकल अनुसार गर्भ जाच गराउने ८ जना रहेका थिए | सुरक्षित सुत्केरी सेवा लियका ३ जना मध्ये १ जना २० वर्ष मुनिको र २ जना जना २० वर्ष माथिका रहेका थिए |अस्पतालमा सुरखित गर्भपतन गराउने सेवाउपलब्ध नभएको तर माग उच्च रहेको हुदा निकट भविश्यमा नै प्रदेश जनस्वास्थ्य कार्यालयवाट एकजना नर्सिङ कर्मचारीलाइ तालिमको व्यवस्था गरेर सेवा संचालन गर्नुपर्ने देखिन्छ |

खोप सेवा : अत्यावश्यक सेवाको रूपमा रहेको खोप सेवा हालसम्म पनि अस्पतालमा उपलब्ध नभएकोमा यसै आर्थिक वर्षदेखि खोप सेवा समेत विस्तार भइरहेकोले अस्पतालले आफ्नो सेवालाइ समेत विस्तार गर्दै लगेको देखिन्छ |

पोषण सेवा : हालसम्म खोप सेवा संचालन नभएका कारण वृद्धि अनुगमन पनि प्रभावकारी रूपमा संचालन हुन सकेको छैन | तर विरामी भइ आउने ५ वर्षमुनिका वालवालिकाको तौल भने लिने गरिएता पनि त्यसको प्रभावकारी रूपमा अभिलेख राखेको देखिदैन | त्यस कारण वृद्धि अनुगमनको लागि दर्ता भएका २३ महिना पुरा गरेका जम्मा २ जना मात्र वालवालिका अभिलेख भएको र उनिहरूको औसतवृद्धि अनुगमन जम्मा १ पटक मात्र देखिन्छ | कुपोषित वच्चा ५ जनाMAMकेशOTCमा भर्ना भएको देखिन्छ|

**ल्याब सेवा :** ल्याब सेवाको अवस्था सन्तोषजनक रहेको | X-rayUSG लगाएतका सेवाहरु संचालनमा रहेका छन |

बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम : सिमित जनशक्ति र अत्याधिक विरामीको चापले गर्दा बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम लगायत समुदाय स्तरमा संचालन गर्नुपर्ने प्रवर्धनात्मक कार्यक्रमहरू संचालन भएका छैनन तर यस्ता कार्यक्रमहरूलाइ समेत प्राथमिकताका साथ संचालन गर्नुपर्ने देखिन्छ|

**निकट भविश्यमा संचालन गर्नसकिने सम्भावन भएका सेवाहरू:**

हालसम्म पनि अस्पतालमा परिवार नियोजन सेवा अन्तरगत इम्प्लान्ट सेवा छैन तसर्थ १ जना स्वास्थ्य कर्मीलाइ इम्प्लान्ट तालिम प्रदान गरेर तत्काल इम्प्लान्ट सेवा सुचारू गर्नुपर्ने देखिन्छ । किशोर किशोरी मैत्री सेवा पनि अस्पतालमा संचालन गर्नुपर्ने अर्को सेवा हो । त्यस्तै आखाको उपचार सेवा पनि अस्पतालले सुचारू गर्नुपर्ने सेवामा पर्दछ । सुरक्षित गर्भपतन सेवा र खोप सेवा हालसम्म संचालनमा नरहेतापनि चाडै नै अस्पतालले यि सेवाहरू सुचारू गर्न गइ रहेको छ ।

**ढापुक स्वास्थ्य चौकी :**

ढापुक स्वास्थ्य चौकी भिरकोट नगरपालिकाबाट पश्चिममा ५.५ किलोमिटरको दुरीमा अवस्थित छ । नगरपालिकाबाट स्वास्थ्य चौकी सम्मको पहुच वाटो मध्ये अधिकांश भाग पक्की बाटो छ भने केहि भाग कच्ची वाटो रहेको छ भिरकोट नगरपालिकामावडान.८रहेकोस्वास्थ्यसंस्थाअवस्थित छ ।यससंस्थाको सरकारी मापदण्ड वमोजिमको आफ्नै भवन रहेकाले भौतिक पूर्वाधारमा कुनै समस्या नरहेको पाइएको थियो।

**स्वास्थ्य जनशक्तिको अवस्था**

| जनशक्ति | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|
| Sr.AHW/ HA | १ | ० | |
| AHW | १ | ० | |
| ANM | १ | ० | |
| का. स | १ | ० | |

**अनुगमनकादेखिएका पक्षहरु:**

- स्वास्थ्य सेवाको अभिलेखन र प्रतिवेदन पूर्ण रुपमा बिधुतिय प्रणालीबाट सम्पादन भईरहेको (eHMIS/Dhis-2/eLMIS/eTB and PRTP)
- व्यवस्थापनसमितिकोबैठकनियमअनुसारनियमितभएको। पछिल्लो समय श्रावण १३ गते व्यवस्थापन समितिको वैठक वसेको देखिन्छ ।
- संस्थामा दरवन्दि अनुसारको जनशक्ती हाल मौजुदा नरहेको

- सौचालय ,खानेपानी को राम्रो व्यवस्था भएको , कम्पाउण्डको सरसफाई राम्रो, मासिक कार्ययोजना तयार पारि टासेको, ब्यबस्थापन समिति, म.स्वा.से. र कर्मचारीहरुको विवरण तयार गरि टास गरिएको ।
- पोषण कर्नर , स्वास्थ्य शिक्षा कर्नर को ब्यबस्था गरिएको ।
- औषधीको ब्यवस्थापन राम्रो तर Mload र Iron को अलि अभाव देखिएको
- पोषण अवस्थामा विषेश सुधार गर्न सुत्केरी महिलालाइ रातो भाले कार्यक्रम संचालन गरिएको । जुन स्वास्थ्य सुस्थाको पहलमा वडाबाट भएको राम्रो कार्यक्रम देखिन्छ जसले एकातिर उहाहरूलाइ स्वास्थ्य संस्थामा जाने वानीको विकास गराउछ भने अर्कोतिर महिलाको पोषण अवस्थामा सुधार ल्याउन विषेश योगदान गर्दछ ।
- त्यस्तै मेयरसँग जेष्ठ नागरिक अन्तरगत हरेक ३ महिनामा समुदायमा नै गएर जेष्ठ नागरिकहरूलाइ स्वास्थ्य सेवा प्रदान गर्ने गरिएको । नागरिकको सेवासंग प्रत्यक्ष जोडिएको यो कार्यक्रम हरेक महिना गर्न सके अझ राम्रो हुने देखिन्छ।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम कुनै निर्देशित समयमा मात्र संचालन नगरी नियमित रुपमा संचालन गर्न तथा सोको अभिलेख राख्न सुझाब दियको ।
- त्यस्तै सुरक्षित मातृत्व कार्यक्रम अन्तरगत गत आ.व. मा जम्मा ८ जनाले मात्र पहिलो पटक गर्भ जाच गराएको देखिन्छ जसमा प्रोटोकल अनुसार ४ पटक र ८ पटक जाच गराउने क्रमस ७ जना र ८ जना रहेका छन । जसले के देखाउछ भने यस संस्थामा अन्यत्र जस्तो पहिलो पटक जाच गराउने र प्रोटोकल अनुसार जाच गराउने विच ठुलो अन्तर नदेखिनु सुखद पक्ष हो तर वर्ष भरिमा ८ जनाले मात्र गर्भ जाच गराएको देखिएकाले यो संख्या वढाउन विशेष पहल गर्नुपर्ने देखिन्छ ।
- पोषण कार्यक्रम अन्तरगत औषत वृद्धि अनुगमन करिव २० पटक रहेको छ। वृद्धि अनुगमन गरिएका वालवालिका मध्ये १ जना अति जोखिममा परेको देखिन्छ तर उक्त १ जनालाइ OTC भर्ना गरेको देखिएन ।तसर्थ कुपोषित वालवालिकाको अवस्था पहिचान गर्न अझ प्रभावकारी रूपमा खोज पडताल गरि कुपोषित देखिएका OTC भर्ना गरि उपचार गर्नुपर्ने देखिन्छ ।

आधारभुत स्वास्थ्य सेवा केन्द्र वयरघारी

आधारभुत स्वास्थ्य सेवा केन्द्र वयरघारी भिरकोट नगरपालिकामावडान.२रहेकोस्वास्थ्यसंस्थाहो।भिरकोट नगरपालिकाबाट झन्डै २ कि.मि. को दुरीमा आधारभुत स्वास्थ्य सेवा केन्द्र वयरघारी रहेको छ । यससंस्थाको आफ्नै भवन रहेको छ।

स्वास्थ्यजनशक्तिकोअवस्था

| | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|
| AHW | १ | ० | |
| ANM | ० | १ | |
| का. स | १ | ० | |

यस संस्थामा अघिल्लो आ.व. मा १ जना अहेव र १ जना अनमी गरि २ जना कार्यरत रहेकोमा हाल १ जना अनमीले जागिर छोडेको र अर्को कर्मचारी पदपुर्ति भइ नसकेको हुदा कर्मचारीको अभाव देखिन्छ ।

अनुगमनकापक्षहरु:

- स्वास्थ्य सेवाको अभिलेखन र प्रतिवेदन पूर्ण रुपमा समयमै बिधुतिय प्रणालीबाट सम्पादन भईरहेको (eHMIS/Dhis-2/eLMIS/eTB and PRTP)।
- संस्थाको समग्र सेवा र आन्तरिक व्यवस्थापन सामान्य अवस्थामा रहेको।सिमित स्रोत साभन र थोरै जनशक्तिका वाबजुद प्रभावकारी रूपमा सेवा प्रवाह भैरहेको ।
- ब्यबस्थापन समितिको बैठक त्रैमासिक रुपमा बस्ने गरेको मासिक रुमपा वस्नुपर्ने।
- eHMIS लागु गरिएतापनि अझै पनि केहि सेवा रजिस्टरहरु प्रयोग गर्ने गरिएको तसर्थ पालिकाले आबश्यक पूर्वाधारको ब्यबस्था गरि पूर्ण रुपमा eHMIS लागु गर्नुपर्ने।
- eHMIS र Dhis-2 मा केहि सेवा रजिष्टर विषेश गरि खोप सेवा रजिष्टरको डाटा नमिलेको देखिएकोले उक्त डाटा मिलाउने काम भयो ।
- Dhis-2मा डाटा कसरी हेर्ने वारेमा कर्मचारीलाइ जानकारी गराइयो ।
- खोप केन्द्र २ गाउघर क्लिनिक २ ओटा बाट सेवा सुचारु भैरहेको।संस्थाको कार्यक्षेत्र वजार भएकाले खोप सेवाको प्रगति तुलनात्मक रूपमा राम्रो ।
- संदेश सहितको पोषण कर्नर ब्यबस्थापन गरिएको ।

- बालबालिकाको वृद्धि अनुगमनमा ०-२३ महिनाको बालबालिकालाई मात्र समेटिएको | औषत वृद्धि अनुगमन २२ पटक रहेको | वृद्धि अनुगमनमा २-५ बर्षका बालबालिकालाई समेत समेट्नु पर्ने |
- वर्षातको मौषममा फैलिनसक्ने डेंगु लगायतका संक्रामक रोगहरुको रोकथाम र नियन्त्रणका बारेमा छलफल गरियो र सो कार्यका लागि संस्थाले पालिकाको समन्वयमा बजार क्षेत्रमा सरसफाई र सचेतना कार्यक्रम संचालन गर्ने बारेमा सुझाब दिइयो |

खिलुंङ स्वास्थ्य चौकी

खिलुंङस्वास्थ्यचौकीभिरकोट नगरपालिकामावडान.६मारहेकोस्वास्थ्यसंस्थाहो ।पालिका सदरमुकामबाट पश्चिमतिर करिब २ कि.मि को कच्ची मोटर बाटो पार गरेपछि खिलुंङ स्वास्थ्य चौकी पुग्न सकिन्छ |खिलुंङस्वास्थ्यचौकीले गुणस्तरीयआधारभूत स्वास्थ्यसेवाप्रधानगर्दैआइरहेकोछ।

स्वास्थ्यजनशक्तिकोअवस्था

| जनशक्ति | पदपूर्ति | रित्त | कैफियत |
|---|---|---|---|
| **HA/Sr.AHW** | १ | | |
| AHW | १ | ० | |
| ANM | ३ | | |
| Lab | १ | | |
| का. स | १ | ० | |

सि.अ.हे.ब. २ अनमी३रकार्यालयसहयोगी १ गरेर४जनाकर्मचारीरहेकोरअन्यजनशक्तिपालिकाले काजमा अन्यत्र खटाएको हुदा कुनैपनिपदरित्तनभएको।

अनुगमनका क्रममा देखिएका पक्षहरु :

- स्वास्थ्य सेवाको अभिलेखन र प्रतिवेदन पूर्ण रुपमा बिधुतिय प्रणालीबाट सम्पादन भईरहेको (eHMIS/Dhis-2/eLMIS/eTB and PRTP) तर सेवा रजिस्टरमा समेत अभिलेख राखेको देखियो
- नागरिक बडापत्र कर्मचारी विवरण निशुल्क औषधिको विवरण संस्थाको पहिचान बोर्ड स्वयं सेविकाको विवरण टास गरि राखेको भेटियो |

- उपलब्ध श्रोत साधनको अधिकतम प्रयोग गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिएको
- व्यवस्थापनसमितिकोबैठक आवश्यकता अनुसार बस्ने गरेकोमा अब उप्रान्त नियमित रुपमा बैठक बस्ने गरि समितिका अध्यक्षज्यू ले प्रतिबद्धता जाहेर गर्नु भयो |
- खोपलगायतअन्यकार्यक्रमकोeHMIS रDHIS-2मा एकरुपता नभएका data हरु मिलाउने काम सम्पन्न भयो |
- बालबालिकाको वृद्धि अनुगमनमा ०-२३ महिनाको बालबालिकालाई मात्र समेटिएको | औषत वृद्धि अनुगमन २२ पटक रहेको | वृद्धि अनुगमनमा २-५ बर्षका बालबालिकालाई समेत समेट्नु पर्ने सुझाब दिइयो |
- वर्षातको मौषममा फैलिनसक्ने डेंगु लगायतका संक्रामक रोगहरुको रोकथाम र नियन्त्रणका बारेमा छलफल गरियो र सो कार्यका लागि संस्थाले पालिकाको समन्यवमा बजार क्षेत्रमा सरसफाई र सचेतना कार्यक्रम संचालन गर्ने बारेमा सुझाब दिइयो |
- बहिरंग कोठा,गर्भबती परिक्षण कक्ष,प्रयोगशाला,औषधि वितरण कक्ष,ड्रसिङ्ग कोठा,धारा चर्पी तथा पानिको उपलब्धता राम्रो व्यवस्थापन भएको,
- आवश्यक औषधीहरु पर्याप्त मात्र देखिएको साथै स्टोरको व्यवस्थापन राम्रो देखिएको
- किशोरकिशोरीमैत्रीस्वास्थ्यसेवाप्रदानभएको
- गत आ.व. मा जम्मा ४ जनाले मात्र संस्थागत सुत्केरी सेवा लियको देखियो | तसर्थ सुत्केरी सेवालाई बढाउन अझ बिशेष पहल गर्नु पर्ने देखिन्छ |
- गत वर्षको तुलनामा औशत वृद्धि बढेको भएतापनि SAMr MAM केश नभेटिएको
- गत आ.व. मा ६५ जनालाइ सुरक्षित गर्वपतन सेवा दियको देखियो जुन संख्यात्मक हिसाबले निकै डरलाग्दो आकडा हो | तसर्थ संस्थाले परिवार नियोजन सेवालाई बिस्तार संगै गर्वपतनले भविष्यमा निम्त्याउन सक्ने स्वास्थ्य समस्याको बारेमा सचेत गराउनु पर्ने बारेमा छलफल गरियो |
- किशोर किशोरी मैत्री स्वास्थ्य संस्था भएकोले किशोर किशोरी मैत्री कक्षमा तौल , उचाई, लिने सामग्री हरुको समेत ब्यबस्थापन गरिएको
- गर्भवती महिलालाई अण्डा वितरण र सुत्केरी पोषण कार्यक्रम समेत पालिकाको पहलमा संचालन भैरहेको |
- RUSG सेवा बिस्तार तथा संचालन , VIA सेवा समेत नियमित रुपमा संचालनमा रहेको |

- परिवार नियोजन सेवा अन्तरगत डिपो पिल्सको अभाब देखियकोले प्रदेश जनस्वास्थ्य कार्यालयले पालिका मार्फत आपूर्ति गर्ने
- ल्याब कक्षमा केमिकल स्लाइड र एनालाइजर मेशिनको आबश्यकता भएको , स्वास्थ्यकर्मीलाई AFB तालिमको आबश्यकता देखियको प्रदेश जनस्वास्थ्य कार्यालयले तालिमको लागि सहजीकरण गर्नुपर्ने |
- बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम अन्तरगत आबस्यकता अनुसार संचालन हुने गरेको भएतापनि यसलाई नियमित गर्नुपर्ने |
- स्वास्थ्य संस्थामा स्वास्थ्य कर्मीहरुलाई बस्नको लागि कुर्ची पनि नभएकोले जनस्वास्थ्य कार्यालयले तत्काल केहि कुर्ची लगायत फर्निचर उपलब्ध गराएर सेवा प्रवाहमा सहजीकरण गर्ने पर्तिबद्धता व्यक्त |

<u>दहथुम स्वास्थ्य चौकी:</u>

दहथुम स्वास्थ्यचौकी भिरकोट नगरपालिका वडा नम्बर १ मा अवस्थित संस्था हो यो संस्था पालिका सदरमुकाम  बाट ३ कि.मि पुर्ब तिर पर्दछ र पालिका सदरमुकाम बाट संस्था सम्मको पहुच मार्ग पक्कि सडक रहेको छ| वडा नम्बर १ को बस्ति तलतिर पर्ने र संस्था माथि तिर भएको कारण यस संस्थाको कार्य क्षेत्रका अधिकांश सेवा ग्राहिको लागि संस्था अपायेक जस्तै परेकोले यहाँ सेवा ग्राहिको संख्या तुलनात्मक रुपमा कम छ | संस्थाको आफ्नै सरकारी मापदण्ड अनुसारको भवन रहेको छ जसले गर्दा भौतिक पूर्वाधारको राम्रो व्यवस्था छ |

<u>स्वास्थ्यजनशक्तिकोअवस्था</u>

| जनशक्ति | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|
| **HA/Sr.AHW** | १ | | |
| AHW | | २ | |
| ANM | १ | १ | |
| का. स | १ | ० | |

यस संथामा हाल २ जना AHWर १ जना ANM रिक्त रहेको हुदा सेवा प्रवाहमा समस्या देखिएको छ |

सेवा तथा सुविधाहरु:

- आउटडोर सेवा (OPD) – दैनिक बिरामी जाँच तथा सामान्य रोगको उपचार।
- गर्भवती महिलाको जाँच (ANC) – नियमित गर्भ परीक्षण र परामर्श।
- सुरक्षित सुत्केरी सेवा – संस्थागत डेलिभरी सेवा।
- सुत्केरीपछिको सेवा (PNC) – सुत्केरी महिलाको स्वास्थ्य निगरानी।
- शिशु खोप कार्यक्रम (EPI) – नवजात र बालबालिकालाई नियमित खोप।
- पारिवारिक योजना सेवा – अस्थायी र स्थायी गर्भनिरोधक साधनहरूको उपलब्धता।

अनुगमनका पक्षहरु:

- स्वास्थ्य सेवाको अभिलेखन र प्रतिवेदन पूर्ण रुपमा विधुतिय प्रणालीबाट सम्पादन भईरहेको (eHMIS/Dhis-2/eLMIS/eTB and PRTP) तर रजिस्टारको समेत प्रयोग गर्ने गरिएको |
- उपलब्ध श्रोत साधनको अधिकतम प्रयोग गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिएको
- व्यस्थापनसमितिकोबैठकनियमअनुरुपनियमितभएको
- सेवाको अभिलेख ब्यबस्थापनमा खासै समस्या नरहेको | केहि नमिलेको डाटाहरुलाई तत्काल सच्याईयको |
- सुरक्षित मातृत्व सेवा अन्तरगत गत आ.व. मा १५ जना २० वर्ष माथिका र १ जना २० वर्ष मुनिका गरि जम्मा १६ जना ले पहिलो पटक गर्भ जाच सेवा लियका छन् | त्यस्तै प्रोटोकल अनुसार ४ पटक १४ जना २० वर्ष माथिका र १ जना २० वर्ष मुनिका गरि जम्मा १५ जना जनाले र प्रोटोकल अनुसार ८ पटक १२ जना २० वर्ष माथिका र १ जना २० वर्ष मुनिका गरि जम्मा १३ जनाले गर्भ जाच सेवा लियका छन |
- पोषण कार्यक्रम अन्तरगत गत आ.व. मा औशत वृद्धि अनुगमन करिब १२ पटक देखियको छ जुन तुलनात्मक रुपमा कम हो| त्यसैले सबै बालबालिकाको वृद्धि अनुगमन लाइ प्राथमिकतामा राखी प्रभावकारीरुपमा वृद्धि अनुगमन गर्नु पर्ने देखिन्छ| त्यस्तै कुपोषित बालबालिका पनि गत आ.व. मा OTC मा भर्ना भएको देखियन जसले पी वृद्धि अनुगमन हुन् नसकेको कारणले नै SAM र MAM केश नदेखियको हो कि भन्ने देखिन्छ |

- बालबालिकाको वृद्धि अनुगमनमा ०-२३ महिनाको बालबालिकालाई मात्र समेटिएको | औषत वृद्धि अनुगमन १२ पटक रहेको | वृद्धि अनुगमनमा २-५ बर्षका बालबालिकालाई समेत समेट्नु पर्ने सुझाब दिइयो |
- वर्षातको मौषममा फैलिनसक्ने डेंगु लगायतका संक्रामक रोगहरुको रोकथाम र नियन्त्रणका बारेमा छलफल गरियो र सो कार्यका लागि संस्थाले पालिकाको समन्यवमा बजार क्षेत्रमा सरसफाई र सचेतना कार्यक्रम संचालन गर्ने बारेमा सुझाब दिइयो |
- खोप लगायत अन्य सेवाको पहुच बढाउन स्वास्थ्य संस्थाले चालु आ.व. मा Setelight क्लिनिक संचालन गर्ने लक्ष्य राखेको छ | तर त्यसको लागि पालिकाले तत्काल जनशक्ति व्यबस्थापन गरिदिनु पर्ने हुन्छ |

फोटोहरु


























प्रतिवेदक :

- विनोद प्रसाद भट्टतथ्यांक अधिकृत प्र.जन.स्वा.का.स्याङ्जा
- मित्र प्रसाद अर्याल प.नि.अ प्र.जन.स्वा.का.स्याङ्जा
- सन्तोष पौडेल प.नि.अ. प्र.जन.स्वा.का.स्याङ्जा
- राम देब साह को.चे.नि. प्र.जन.स्वा.का.स्याङ्जा